nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

28°C । वर्ष :११, अंक : २० पृष्ठ ४ । शनिबार,२१ भदौ २०८२ । SATURDAY, SEPTEMBER 06, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## बीरगन्जमा पुन: स्थापित नेपाल प्रहरी मधेश प्रदेश कार्यालय

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २० भदौ ।***

मधेश प्रदेशको राजधानी जनकपुरबाट सञ्चालन हुँदै आएको नेपाल प्रहरी प्रदेश कार्यालय पुन: वीरगंजमा स्थापना भएको छ । सरकारले २०७७ सालमै कार्यालय वीरगंजमै रहने निर्णय गरेको भए पनि अस्थायी रूपमा जनकपुरबाट सञ्चालन हुँदै आएको थियो। अब वीरगंजस्थित अन्तरप्रहरी कार्यालयको भवनबाट विधिवत् रूपमा प्रहरी प्रदेश कार्यालयले काम प्रारम्भ गरेको हो। कार्यालयका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) शान्तिराज कोईरालाले शुक्रबार पत्रकारहरूसँग परिचयात्मक कार्यक्रममा कार्यालयका जिम्मेवारी, अधिकार क्षेत्र र कार्ययोजना बारे जानकारी दिए । उनका अनुसार मधेश प्रदेशका ३९ वटा मुद्दा चलाउने इकाइहरूको अनुगमन गर्ने, कामकाजमा देखिएका कमी कमजोरीमा निर्देशन दिने, लागुऔषध नियन्त्रण, फरार अभियुक्त पक्राउ, आतंकवाद तथा साइबर अपराधसँग





सम्बन्धित मुद्दा हेर्ने काम यस कार्यालयले गर्नेछ। साथै नागरिकता सम्बन्धी मुद्दा, राज्यविरुद्धका अपराध तथा संघीय सरकारले तोकेको वा राजपत्रमा प्रकाशित मुद्दा पनि यसै कार्यालयमार्फत व्यवस्थापन हुनेछ। एसएसपी कोईरालाले राजमार्ग सुरक्षा, प्रहरी कर्मचारीको मूल्याङ्कन, उत्कृष्ट काम गर्ने प्रहरीलाई पुरस्कारको लागि सिफारिस गर्ने तथा लापरबाही गर्ने कर्मचारीमाथि कारबाहीको लागि सिफारिस गर्ने जिम्मेवारी पनि कार्यालयको हुने बताए । उनका अनुसार सातै प्रदेशमा यस्ता कार्यालय रहेकाले प्रहरी संयोजनपछि कार्यक्षमता अझ सबल हुने छ । हाल वीरगंजस्थित कार्यालयमा १९९ दरबन्दी रहेकामा १२५ जना प्रहरी कार्यरत छन् । अपराध अनुसन्धानमा दक्ष जनशक्ति तथा आवश्यक उपकरण उपलब्ध गराई कार्यालयलाई थप प्रभावकारी बनाउने तयारी भइरहेको एसएसपी कोईरालाले जानकारी दिए। साथै उनले संचारकर्मी र आम नागरिकलाई प्रहरीको लापरबाही, आपराधिक गतिविधि तथा फरार

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सा निकुञ्जमा बाघको आक्रमण बढ्दा स्थानीय त्रसित दुई महिनामा तीन जनाको मृत्यु

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २० भदौ ।***



पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत पथलैया-अम्लेखगञ्ज सडकखण्डमा बाघको आक्रमणका घटनाहरू बढेपछि स्थानीय बासिन्दा त्रसित भएका छन् । पछिल्लो दुई महिनामा मात्रै तीन जनाको ज्यान बाघको आक्रमणबाट गएको छ । बाघको आक्रमणमा ज्यान गुमाउनेमा जीतपुरसिमरा उपमहानगरपालिकाका चन्द्रबहादुर बोलाङ्ग, कृष्ण कुमार शर्मा र रमेश कार्की रहेका छन्। स्थानीयका अनुसार उनीहरूमध्ये दुई जनाको जंगलमा घाँस-दाउरा गर्ने क्रममा र एक जनाको सडक किनारमा बाघले आक्रमण गरेको थियो । वडाध्यक्ष शेखरकाजी रुम्बाले निकुञ्ज र वन कार्यालयले नरभक्षी बाघ नियन्त्रण गर्न बेवास्ता गरेको आरोप लगाएका छन् । तर, पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बाघको बासस्थान क्षेत्रमा मानिसहरूको प्रवेशले यस्ता दुर्घटना हुने गरेको बताए । उनले यसलाई 'मानवीय त्रुटि' मान्दै स्थानीयले आफ्नो व्यवहारमा परिवर्तन ल्याउनुपर्ने बताएका छन् । निकुञ्ज प्रशासनले पथलैया-अम्लेखगञ्ज सडकखण्डमा सवारी साधन रोक्न नहुने र यात्रुहरूले सतर्क रहनुपर्ने सार्वजनिक सूचना पनि जारी गरेको छ । खतिवडाले भने, निकुञ्जमा क्यामेरा जडान गरिएको भए पनि वन्यजन्तु र मानिसको सुरक्षाका लागि प्रदेश सरकार, स्थानीय तह र वडाबाट पर्याप्त सहयोग नपाएको गुनासो गरेका छन् । पर्सा निकुञ्जमा बाघको संख्या सन् २०१८ मा १८ रहेकोमा सन् २०२२ मा ४१ पुगेको थियो । आगामी गणनामा यो संख्या ५० नाघ्ने अनुमान गरिएको छ, जसले मानव-वन्यजन्तु द्वन्द्व अझ बढ्ने सम्भावना देखाएको छ ।

## उपकार सेवा नेपालद्वारा ठोरी वृद्ध आश्रमलाई सहयोग

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २० भदौ ।***

उपकार सेवा नेपालले ठोरी गाउँपालिका-१ भगवाननगर स्थित वृद्ध-वृद्धा आश्रमलाई यस महिनामा पनि नियमित रूपमा उपभोग्य सामग्री हस्तान्तरण गरेको छ । आश्रममा बस्दै आएका १७ जना अपाङ्ग, सुस्त मानसिक अवस्था भएका व्यक्ति, वृद्ध-वृद्धा, आमा-बुवा तथा बालबालिकाका लागि आवश्यक चामल, दाल, पीठो, तेल, नुन, साबुन, डाइपरदेखि मसला, चिउरा, भुजा र अन्य दैनिक प्रयोगका सामग्री उपलब्ध गराइएका हुन् ।सामग्री हस्तान्तरणको अवसरमा आश्रम सदस्य रामबहादुर थिङलाई एक औपचारिक कार्यक्रममार्फत सहयोग सामग्री बुझाइयो ।




कार्यक्रममा संस्थाकी अध्यक्ष विद्या कुमारी सरावगी, अभिभावक पद्मा देवी सरावगी र सामाजिक अभियन्ता प्रकाश थारुले संयुक्त रूपमा सामग्री हस्तान्तरण गरेका थिए । संस्थाले आश्रममा बस्ने सेवाग्राहीहरूको स-साना आवश्यकता पूरा गर्दै सामाजिक दायित्व निर्वाह गर्ने उद्देश्यले मासिक सहयोग गर्दै आएको जनाएको छ। उपकार सेवा नेपालका पदाधिकारीहरूले निरन्तर मानव सेवा नै जीवनको सच्चा सन्तुष्टि हुने भन्दै आगामी दिनमा अझ प्रभावकारी रूपमा समाजसेवामा संलग्न रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## बीरगन्जमा थप २८ जनामा हैजाको संक्रमण पुष्टि

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २० भदौ ।***



बीरगन्जमा हैजाबाट संक्रमित बिरामीहरूको संख्या बढ्दै गएको छ । शुक्रबार बिहान १० बजेसम्म २८ नयाँ बिरामीमा हैजाको संक्रमण पुष्टि भएको छ । यससँगै बीरगन्जमा हालसम्म कुल संक्रमितको संख्या १,०५४ पुगेको छ। स्थानीय स्वास्थ्यकर्मीहरूले घर-घर पुगेर हैजाबाट बच्ने उपाय र सरसफाइबारे जनचेतना फैलाइरहेका छन् । उनीहरूले पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिउन, खानेकुरा सफा राख्न र वरपरको वातावरण स्वच्छ राख्न सर्वसाधारणलाई अनुरोध गरेका छन्। हाल १०५ जना बिरामी अस्पतालमा उपचाररत छन्, जसमध्ये ११ जना आईसीयू, ५ जना एचडीयू र ८९ जना जनरल वार्डमा छन् । यसैबीच, ९४९ जना बिरामी उपचारपछि डिस्चार्ज भइसकेका छन् । वीरगञ्जका चिकित्सकहरूले संक्रमण नियन्त्रणका लागि खानेपानी र सरसफाइमा विशेष ध्यान दिन आग्रह गरेका छन्। स्वास्थ्यकर्मीहरूले महामारी नियन्त्रणमा हरसम्भव प्रयास गरिरहेका छन् भने स्थानीय प्रशासनले पनि सहयोग गर्दै आएको छ ।

## मानव बेचबिखन नियन्त्रणमा उत्कृष्ट काम गरेबापत एसपी मिश्र सम्मानित

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २० भदौ ।***

मानव बेचबिखन रोकथाममा प्रभावकारी काम गरेको भन्दै जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रलाई नेपाल सरकारले सम्मान गरेको छ। मानव बेचबिखनविरुद्धको १९औं राष्ट्रिय दिवसको अवसरमा शुक्रबार राजधानीको नाचघरमा आयोजित समारोहमा मिश्रलाई कदरपत्रद्वारा सम्मान गरिएको हो। ७७ वटै जिल्ला प्रहरी कार्यालयको मूल्याङ्कनमा मानव बेचबिखन नियन्त्रणतर्फ पर्सा उत्कृष्ट घोषित भएको थियो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आयोजना गरेको कार्यक्रममा उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले




मिश्रलाई खादा ओढाइ कदरपत्र प्रदान गरे । कार्यक्रममा बोल्दै मन्त्री सिंहले मानव बेचबिखनलाई मानवता विरुद्धको जघन्य अपराध भन्दै यसविरुद्धको प्रहरी प्रयासको उच्च प्रशंसा गरे । त्यसैगरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साहले पर्सा प्रहरीले गत वर्ष भारतमा बेचिएका नेपाली महिलाहरूलाई सकुशल उद्धार गर्नुका साथै संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याएको उल्लेख गरे । उनले यस्ता अपराधमा शून्य सहनशीलता अपनाउनुपर्ने र दोषीलाई कडा कारबाही गर्ने निर्देशनसमेत दिए ।

## बीरगन्जका वडा नं. ६ का वडाअध्यक्ष शाहमाथि कीर्ते सिफारिस गरेको उजुरी

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २० भदौ ।***

बीरगन्ज महानगरपालिका-६ का वडा अध्यक्ष जयप्रकाश शाहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कीर्ते सिफारिस गरेको भन्दै उजुरी दर्ता गरिएको छ । स्काईलाइन इन्फ्रा लिमिटेड, होटल पुजन, होटल कन्ट्रीइन प्रा.लि लगायत विभिन्न व्यवसायी र व्यक्तिहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा शुक्रवार निवेदन दर्ता गर्दै वडाध्यक्ष जय प्रकाश शाहलाई हदैसम्म कारबाहीको माग गरेका छन् ।वडाध्यक्ष साहले प्रदिप केडिया र मदनलाल केडियासँग ठूलो रकम अनुचित लाभ (घुस) लिएर, विभिन्न व्यक्ति, कम्पनी र संस्थाको नाउँमा दर्ता भई भोगचलनमा रहेको जग्गालाई गैरकानुनी रूपमा केडिया परिवारको नाममा हालसाविक गर्न सिफारिस गरेको आरोप लागेको छ । बीरगन्जको आर्दशनगरस्थित वडा नं १० र ४ मा रहेको उक्त जग्गा करिब ५२ वर्षअघि तत्कालिन सरकारद्धारा गठित पशुपति आदर्शनगर निर्माण समितिले अधिग्रहण गरी प्लटिङ



गरेर बिक्री वितरण गरेको थियो । समयक्रममा ती जग्गाहरू पटक-पटक खरिदबिक्री भई नयाँ नापी अनुसार सम्बन्धित जग्गाधनीहरूको नाममा दर्ता र हालसाविक भई भोगचलन हुँदै आएको छ । तर, वडाध्यक्ष साहले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरको जग्गालाई प्रदीप र मदनलाल केडियासँग मिलेमतो गरी झुठा व्यहोरा पेश गरेर रुकमिणी केडियाको साविक पर्सा श्रीपुर वडा नं ९ कित्ता नं १४ (ख) र १५ को जग्गा भन्दै विभिन्न कम्पनी, होटल, बैंक र व्यक्तिहरूको नाममा दर्ता भएको जग्गा समेत केडिया परिवारको नाममा हालसाविक गरिदिन गैरकानुनी सिफारिस गरेका छन् । जग्गा नाप जाँच ऐन २०१९ को दफा ८ (क) को व्यवस्था अनुसार साविक नापजाँचको श्रेस्ता स्वत: खारेज भइसकेको हुँदा, वडाध्यक्षले गरेको सिफारिस पूर्णतया अवैध भएको उजुरीकर्ता मध्येका एक सुनिल गुप्ताले बताए । उनीहरूले यो कार्य अख्तियारको खुला दुरुपयोग भएको भन्दै शाह सहित संलग्न केडिया परिवारका सदस्यहरूलाई समेत तत्काल कारबाहीको माग गरेका छन् । यस प्रकरणमा स्काईलाइन इन्फ्रा लिमिटेडको तर्फबाट लिलानाथ नेपाल, होटल पुजन प्रा ।लि ।को तर्फबाट रन्जेश श्रेष्ठ,

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा



Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय


### सूचनाबाट वञ्चित नगर

सरकारले दर्ता हुन नआएका सामाजिक सञ्जाल सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ । यसको पक्ष र विपक्ष दुवैतर्फ बहस चलिरहँदा नागरिक कतै सूचनाबाटै वञ्चित हुने हुन् कि भन्ने चिन्ता बढेको छ । किनभने धेरै ठुलो संख्या फेसबुक, युट्युबलगायतका प्ल्याटफर्ममार्फत सूचना आदनप्रदान गरिरहेका छन् । सरकार र सार्वजनिक व्यक्ति र संस्थाले सूचना प्रवाह गर्ने थलो सामाजिक सञ्जाल बन्न पुगेको छ । विदेशमा रहेका आफन्तसँग प्रत्यक्ष कुरा गर्ने थलो यही बनेको छ । यस्तो बेला सरकारले कुनै निर्णय लिँदा नागरिकको दैनिकीलाई ख्याल गर्नुपर्छ । कतै नागरिक सूचना र सञ्चारबाटै वञ्चित हुन्छन् कि ! संस्कारकै रूपमा विकास भएको सूचना र प्रविधिको विकासलाई सरकारले ख्याल गर्नुपर्छ ।

नेपालमा सञ्चालन हुने कुनै पनि सामाजिक सञ्जाल दर्ता हुनुपर्छ भन्ने सरकारको अडान सही छ । यसका लागि सामाजिक सञ्जाल बन्द नगरेर कूटनीतिक पहल गर्ने उपाय पनि छन् कि ! नागरिकलाई सूचनाबाट वञ्चित नगर्ने सोच हो भने कूटनीतिक पहल सरकारले गर्नुपर्छ । होइन, सरकार दर्ता नभएको भनेर नागरिकमा रहेको आलोचनात्मक चेतलाई रोक्न खोजिरहेको हो भने प्रत्युत्पादक हुन सक्छ । किनभने पुराना सञ्चारमाध्यमले नभेटाएका दूरदराजका कथा युट्युबाट सम्प्रेषित भइराखेका छन् । सामाजिक सञ्जालबाटै व्यापार गर्नेहरूको ठुलो संख्या छ । स्वरोजगार हुने युवालाई सामाजिक सञ्जालले सहयोग गरिरहेको छ । यसकारण सामाजिक सञ्जाल बन्दा हुँदा एकातिर नागरिक सूचनाबाट वञ्चित हुन्छन् भने ठुलो संख्यामा नागरिक स्वरोजगार उद्योगबाट समेत विमुख हुन्छन् । यस्तोमा सरकारले आलोचना कम हुन्छ भन्ने मात्रै सोचेर सामाजिक सञ्जाल बन्दको बाटो रोजेको हो भने प्रत्युत्पादक भएर अझ सरकारको आलोचना गर्ने फुर्सदिलो संख्या बढ्न सक्छ । एकातिर आम्दानीको स्रोत खोसिएर दैनिकी प्रभावित भएको अर्कोतिर सूचना र सञ्चारबाट समेत वञ्चित हुन पुगेको नागरिक समूह सरकारको व्यवहारमाथि खनिन सक्छ । सरकारले यो बुझ्न आवश्यक छ- सूचना प्रविधिको विकासले कुनै निश्चित सीमा क्षेत्रभित्र रहेका नागरिकलाई नियन्त्रण गरेर मात्र हुँदैन । राज्यका अंगहरूलाई नियन्त्रण लिएर आफूले चाहेअनुसार शासक चल्न सक्दैन । यस्तोमा आलोचना वा विरोधको स्वर कम गर्ने उपाय के हुन सक्छ सरकारले आफ्नै व्यवहारमा हेर्नुपर्छ । आलोचना हुने थलो नै बन्द गरिदिन्छु भन्ने सोचेको हो भने स्वयंका लागि घातक हुनेछ ।

# कमरेडहरू ! देश महिलाको पनि हो

**सावित्री गौतम**



नेकपा एमालेले यही भदौ २० गतेदेखि २२ गतेसम्म विधान महाधिवेशन गर्दै छ । एमालेको विधान महाधिवेशनले आफ्नो पार्टीका महिलाको हकमा के व्यवस्था गर्ला भन्ने जिज्ञासाबीच मलाई २०७५ जेठ २१ गते कान्तिपुरमै प्रकाशित भएको आफ्नै लेख 'प्रधानमन्त्रीज्यू देश हाम्रो पनि हो' को सम्झना भइरहेको छ ।महिलाहरू कहाँ छन् ? देश महिलाको पनि हो, महिलालाई पनि मान्छे गनौं, महिलाको पनि यो समाज र इतिहास निर्माणमा बराबरको योगदान छ (सके बढी होला), मलगायत अन्य धेरै महिलाले यस्ता कुरा वर्षौंदेखि लेख्दालेख्दा अब लेख्न बाँकी पनि केही छैन । अब हामीले लेख्ने उही पुराना कुराको रिसाइकलबाहेक केही हुँदैन ।

बारम्बार म र अरू धेरै महिलाले लेखिरहने, बोलिरहने यस्ता कुराले एउटै कुरा नमीठोसँग अनुभूत मात्र गराइरहन्छ, समाजको गति प्रत्येक सेकेन्ड परिवर्तन भइरहन्छ भनेर समाजशास्त्रीहरूले गर्ने व्याख्या नेपाली समाजको हकमा भने कहिल्यै लागू नहुने रैछ क्या हो ? हामी त वर्षौंसम्म उहीं छौं । सीमान्तमा बसेर कराइरहेका छौं, हामीमाथि अन्याय भो, हाम्रो स्थानको सुनिश्चितता भएन, सँगसँगै निर्माण गरेको समाज र राज्य व्यवस्थामा तिमीहरूको स्थान उपल्लो र हाम्रो तल्लो किन ? आदि । यति बेलाका प्रधानमन्त्री केपी शर्मा ओली छन् । उनी नै नेकपा एमालेका अध्यक्ष पनि हुन् । 'यति बेला' भन्नुको कारण के भने 'त्यति बेला' अर्थात् २०७५ मा पनि ओली नै प्रधानमन्त्री रहेछन् र उनी नै पार्टी अध्यक्ष पनि थिए । त्यति बेला नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको एकताको हावा ताजाताजा नै थियो । तर पार्टीको केन्द्रीय कमिटीमा महिलाको अनिवार्य संवैधानिक प्रावधानअन्तर्गतको ३३ प्रतिशत सुनिश्चितता तत्कालीन 'नेकपा' ले गर्न सकेन । जबकि राजनीतिक दल दर्तासम्बन्धी ऐन २०७४ दफा १५ (४) अनुसार 'दलको सबै तहका समितिमा कम्तीमा एकतिहाइ महिला सदस्य हुनुपर्ने' भनेर स्पष्ट लेखिएको थियो । र, एकीकरणपछि नयाँ बनेको 'नेकपा' ले दल दर्ता गर्दा नै केन्द्रीय कमिटीमा एकतिहाइ महिला पुर्‍याएर जानुपर्ने थियो । केन्द्रीय कमिटीमा महिलाको ३३ प्रतिशत सहभागिताको सुनिश्चितता त गरिएन नै, समाचारमा आएअनुसार प्रधानमन्त्री तथा पार्टी अध्यक्ष ओलीले महिला नेताहरूलाई 'एनजीओको बहकाउमा लागेर ट्याउँट्याउँ नगर्न' निर्देशन नै दिए । र, उनले दिएको यो 'निर्देशन' तत्कालीन नेकपाका अर्का शीर्षस्थ 'क्रान्तिकारी' नेता प्रचण्डले चुपचाप अनुमोदन गरे । कम्युनिस्ट पार्टीहरूमा एकअर्कालाई 'कमरेड' भनेर सम्बोधन गरिन्छ । कमरेड अर्थात् सहयोद्धा । आफूसँगै योद्धा बनेर हिँडेको मान्छे, लडेको मान्छे । तर नेपालका कम्युनिस्ट पार्टीका 'वरिष्ठ' पुरुष नेताले आफ्ना महिला कमरेडलाई कत्तिको कमरेड देख्छन् ? कमरेड देख्नेहरूको मुखबाट यस्ता शब्द कसरी निस्कन्छन् ? बोली र व्यवहारमा यतिसाह्रो अपमानजनक हुन उनीहरू कसरी सक्छन् ? आजसम्मै पनि पार्टीको निर्माणमा, व्यवस्था परिवर्तनमा आफ्ना बीसौं समस्या, व्यथा र अप्ठ्यारालाई पन्छाएर आफूसँगै हिँडेका महिला कमरेडलाई संरचनागत लाभको उपल्लो सिँढीमा बसेर पुरुष 'कमरेड' हरूले थिचोमिचो गरेको दृश्य हेर्नुपर्ने कति दिगमिग लाग्दो देखिन्छ ।

एमालेकै नेतृ बिन्दा पाण्डेले आफ्नो लेख 'क्रोनिकल्स अफ सोसलिस्ट फेमिनिस्ट मुभमेन्ट इन नेपाल' मा मदन भण्डारीले प्रतिपादन गरेको सिद्धान्त 'जनताको बहुदलीय जनवाद' मा 'महिलाहरूको सम्बन्धमा' भन्ने छुट्टै बुँदा नै राखेर समाजवादी महिलावादी दृष्टिकोणलाई व्याख्या गरेको कुरा उल्लेख गरेकी छन् । पाण्डेकै अनुसार हामीले आफ्नो देशको इतिहासमा बनाएको भनेको सबैभन्दा 'प्रगतिशील' संविधान २०७२ सालको संविधानमा जनताको बहुदलीय जनवादभित्रकै धेरै कुरा प्रतिबिम्बित भएका छन् । यही जगमा टेकेर हुन सक्छ, नेकपा एमालेका नेताहरू सार्वजनिक कार्यक्रमहरूमा बारम्बार अहिलेको संविधानमा समानुपातिक समावेशीको विषय समावेश गर्न, नीतिगत तहमा एकतिहाइ महिला सहभागिता सुनिश्चित गर्न, उच्च तहमा महिलाहरूलाई पुर्‍याउनका लागि पहिलो महिला राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश, मुख्यसचिव आदि बनाउन आफ्नो मुख्य भूमिका रहेको जस लिरहन्छन् ।

तर, अझै एमालेकै दस्तावेजहरूमा भेटिन्छ, पार्टी र जनसंगठनहरूमा महिलाको प्रतिनिधित्व ३३ प्रतिशतभन्दा बढेको छैन । पार्टीको केन्द्रीय सचिवालयदेखि तल्ला कमिटीसम्म महिला पदाधिकारीको अनुपात ५-१ मात्र छ । ०७५ सालमा पार्टीका महिलालाई 'ट्याउँट्याउँ' नगर्न प्रधानमन्त्रीले निर्देशन दिएको पनि सात वर्ष बितिसकेको छ । आशा गरौं, देश महिलाको पनि हो र देश चलाउने, नीति बनाउने ठाउँमा पुग्नका लागि उनीहरू पनि बराबरका हकदार छन् भन्ने कुरा यो पटक नेकपा एमालेले गम्भीरतापूर्वक मनन गर्नेछ । र, महिलाको सम्मानजनक सहभागिता सुनिश्चित गर्न विधानमा व्यवस्था गरिनेछ ।

# शिक्षा विधेयकमा कोलाहल

**विनयकुमार कुसियैत**

दुई वर्षअघि सरकारले प्रतिनिधिसभामा विद्यालय शिक्षा विधेयक, २०८० दर्ता गरेको थियो । त्यसलगत्तै प्रतिनिधिसभाले उक्त विधेयकमाथि छलफल गरी आवश्यक परिमार्जनसहितको प्रतिवेदन पेस गर्न शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिलाई सिफारिस गर्‍यो । समितिमा भएको गहन छलफल र बहसलाई हेर्दा विद्यालय शिक्षा अब सकारात्मक दिशामा अगाडि बढ्छ होला भने अपेक्षा गरियो । तर दुर्भाग्य ! विधेयकमा केही सामान्य सुधारबाहेक शिक्षा क्षेत्रले भोग्दै आएका मूल समस्याको समाधान भने प्रस्तुत भएको देखिएन । झन्डै ५४ वर्षअघि बनेको शिक्षा ऐनले शिक्षामा लगभग पाँचौं पुस्तासम्मलाई धानेको र यसले शिक्षामा नयाँ पुस्ताको आकांक्षा र भविष्यलाई सम्बोधन गर्न कति क्षमता बोकेको छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । यसबीचमा देशको राजनीतिक संरचनामा पनि ठूलो रूपान्तरण भइसकेको छ ।

२०७२ मा नयाँ संविधानको कार्यान्वयनसँगै नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीमा प्रवेश गरिसकेको एक दशक हुन् लागेको छ । यस राजनीतिक संरचनासँगै शासन प्रणाली, अधिकार वितरण र स्थानीय तहको भूमिकामा आमूल परिवर्तन भएको छ । यस हिसाबले संविधानको मर्म र शिक्षा सिकाइमा भइरहेको विश्वव्यापी परिवर्तनको प्रभावलाई आत्मसात् गर्दै शिक्षालाई नयाँ दृष्टिकोण र नयाँ दिशाबाट अघि बढाउनु जरुरी छ । यसै सन्दर्भमा विद्यालय शिक्षा विधेयक, २०८० ले नेपालको शिक्षालाई कस्तो बाटोमा अगाडि बढाउने हो भन्ने चासो आज सबैका सामु खडा भएको छ । यद्यपि, शिक्षक महासंघ र निजी विद्यालय सञ्चालनकर्तामा शिक्षा विधेयकमा कोलाहलको शृंखला अत्यधिक देखियो । यसको मुख्य कारण शिक्षा सुधारभन्दा उनीहरूको स्वार्थ प्रमुख रहेको छ । शिक्षक, विद्यालय शिक्षाको मेरुदण्ड हुन् । त्यसैले शिक्षकको उत्पादन, निर्माण र यसको छनोट प्रक्रियाले शिक्षाको गुणस्तर र सिकाइको सम्भावनालाई प्रत्यक्ष रूपमा प्रभावित गर्छ । भारतका प्रसिद्ध शिक्षाविद् डा. सर्वपल्ली राधाकृष्णनका अनुसार शिक्षक देशका आत्मा हुन्, त्यसैले शिक्षक उत्पादन, निर्माण र छनोटमा गुणस्तर, पारदर्शिता र व्यावसायिकता सुनिश्चित नगरी शैक्षिक रूपान्तरण सम्भव हुँदैन । शिक्षक उत्पादन भन्नाले विश्वविद्यालय वा महाविद्यालयले शिक्षक आपूर्ति गर्ने प्रक्रियालाई जनाउँछ । यसले शिक्षण पेसामा आवश्यक योग्यता, दक्षता र पेसागत आचरण विकास गर्न मद्दत गर्दछ । विगतमा नेपालका विश्वविद्यालयका शिक्षाशास्त्र संकायले मात्र शिक्षक उत्पादन गर्ने जिम्मेवारी बोकेका थिए । तर प्रस्तावित विधेयकले अन्य संकायका न्यूनतम शैक्षिक योग्यता पुगेका व्यक्तिलाई पनि शिक्षक बन्ने बाटो खोलिदिएको छ । शिक्षक निर्माण दीर्घकालीन प्रक्रिया हो । यसमा शिक्षकलाई आवश्यक शिक्षा, तालिम, सीप, दक्षता, पेसागत चेतना र आचरणको विकास गरिन्छ । पुनर्ताजगी तालिम, अनुसन्धान, अन्वेषण र नवप्रवर्तन शिक्षक निर्माणका महत्त्वपूर्ण पक्ष हुन् । विगतमा नेपालमा स्रोत व्यक्ति र स्रोत केन्द्रमार्फत शिक्षक निर्माणलाई अगाडि बढाइएको थियो तर सरकारी कार्यान्वयन कमजोर भएकाले उक्त व्यवस्था हटाइएको हो । तर प्रस्तावित विधेयकमा शिक्षक निर्माणसम्बन्धी प्रावधान स्पष्ट रूपमा नदेखिनु ठूलो कमजोरी हो । यसमा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको पनि ध्यान गएको देखिएन । शिक्षक छनोट भन्नाले तोकिएको निकायले योग्य उम्मेदवारलाई शिक्षक पदमा नियुक्त गर्ने प्रक्रियालाई जनाउँछ । नेपालको सन्दर्भमा यसको जिम्मेवारी शिक्षक सेवा आयोगलाई दिइएको छ । हाल प्रस्तावित विधेयकमा दरबन्दीका आधारमा ६० प्रतिशत सीमित (आन्तरिक) प्रतिस्पर्धा र ४० प्रतिशत खुला प्रतिस्पर्धाबाट शिक्षक छनोट गर्ने प्रावधान राखिएको छ । तर शिक्षक महासंघले यसमा असन्तुष्टि व्यक्त गरेको छ । गुणस्तरीय सिकाइका लागि भने शतप्रतिशत शिक्षक छनोट खुला प्रतिस्पर्धाबाट हुनुपर्ने धारणा धेरै शिक्षाविद्ले अघि सारेका छन् । बरु कार्यरत शिक्षकले लिखित परीक्षामा उत्तीर्ण भइसकेपछि सेवाको अनुभवलाई अंकमा परिणत गरेर छनोट प्रक्रिया अझ पारदर्शी र प्रभावकारी बनाउन सकिन्छ र यसले पढाइरहेको शिक्षकप्रति न्याय नै ठहर्छ । जब राज्यले सबैलाई विद्यालय शिक्षा प्रदान गर्ने दायित्व बोक्यो, तब समुदायले शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारीबाट आफूलाई मुक्त गर्‍यो । यद्यपि, यसका लागि राज्य सक्षम छ कि छैन भन्ने पक्षमा पर्याप्त ध्यान दिइएन । एकातिर राज्य यसका लागि सक्षम हुने चाहना पनि राखेन भने अर्कोतिर बालबालिकाको शैक्षिक भविष्य सुनिश्चित गर्ने नाममा शिक्षा लगानीकर्ताका लागि विद्यालय शिक्षा क्षेत्र उर्वर भूमिमा परिणत भयो र नेपालको शिक्षा क्षेत्रमा नव-उदारवादी सोच हाबी हुन थाल्यो ।यसले सामाजिक तथा वर्गीय विभेदलाई अझ गहिरो बनायो र सरकारको लाचारी प्रस्ट देखियो । तर, जब नयाँ संविधानले निजी लगानीलाई सेवामूलक बनाई नियमन गर्ने निर्देशित सिद्धान्तलाई अंगीकार गर्‍यो, तब प्रस्तावित विधेयकले विद्यालय शिक्षालाई क्रमशः सेवामूलक तथा गैरनाफामूलक बनाउन बाध्य भयो ।

असामान्य नाफा कमाउन अभ्यस्त ठूला निजी विद्यालयलाई यो अपाच्य भयो र उनका छाता संगठनहरू प्याब्सन र एन-प्याब्सनले राजनीतिक दल तथा तिनका नेताहरूलाई धम्क्याउँदै विधेयकविरुद्ध कोलाहल मचाउन थाले । यद्यपि साना निजी विद्यालयहरू सामान्य नाफामा चलाइरहेको यथार्थ पनि छ । यसैबीच सञ्चारमाध्यममा सरकारमै रहेका राजनीतिक दलका प्रमुख नेताहरूले समेत यसलाई उल्ट्याउने प्रतिबद्धता जनाएका छन् । यदि त्यस्तो भयो भने सरकार जनताप्रति जिम्मेवार र जवाफदेही नभएको सन्देश जानेछ । त्यसैले सम्पूर्ण संसद् नै यस विषयमा संवेदनशील हुनु आवश्यक छ । विद्यालय शिक्षा प्रायः देशमा गैरनाफामूलक नै रहने गरेको छ किनकि यसलाई सार्वजनिक वस्तु र मानवअधिकारका रूपमा बुझ्ने चलन विश्वभर छ । सामाजिक न्यायका प्रणेता तथा हार्वर्ड विश्वविद्यालयका प्राध्यापक जाँन रल्सका अनुसार समाजले यस्ता संरचना रोज्नुपर्छ जसले कमजोर वर्गलाई अधिकतम लाभ पुर्‍याओस् । यस दृष्टिले शिक्षामा गैरनाफामूलक पद्धति अपनाउँदा कमजोर वर्गका लागि समान अवसर सुनिश्चित हुन्छ, जसले सामाजिक समानता र

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## अदालतको फैसलाअघि थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिनले अचानक देश छाडे

*काठमाडौं, २० भदौ ।*



थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राले बिहीबार अनपेक्षित रूपमा देश छाडेका छन् । उनले देश छाडेको पाँच दिनपछि अदालतले उनलाई नयाँ जेल सजाय सुनाउन सक्नेछ । उनको प्रस्थान छोरी पेटोङ्टार्न सिनावात्रालाई संवैधानिक अदालतले प्रधानमन्त्री पदबाट हटाएको एक हप्तापछि भएको हो । अदालतले पेटोङ्टार्नलाई कम्बोडियाका सिनेट अध्यक्ष हुन सेनसँग राजनीतिक सम्झौतासम्बन्धी फोनकलका कारण नैतिकता उल्लङ्घनमा दोषी ठहर गरेको थियो । पेटोङ्टार्नको उत्तराधिकारी चयनका लागि शुक्रबार संसद्मा मतदान हुने तय थियो । धेरैले यसलाई थाक्सिनको दुई दशकभन्दा लामो राजनीतिक प्रभावको अन्त्यको सङ्केतको रूपमा हेरेका छन् । यस अवधिमा उनीविरुद्ध थुप्रै मुद्दा दर्ता भए पनि उनले जेलमा लामो समय बिताएका छैनन् । बैङ्ककको डन मुयाङ विमानस्थलमा थाक्सिनले अध्यागमन अधिकारीलाई आफ्नो निजी जेट सिङ्गापुरतर्फ जाने बताए । प्रहरीले पुष्टि गरेअनुसार उनीमाथि कुनै गिरफ्तारी वारेन्ट वा रोक आदेश नभएकाले ७ बजेपछि विमानलाई उडान अनुमति दिइयो । तर एपीले विश्लेषण गरेको फ्लाइट-ट्र्याकिङ डाटाले उनको बोम्बार्डियर बीडी-७०० जेट सिङ्गापुरतर्फ गएको देखिए पनि अचानक पश्चिम फर्केर दुईपटक घुमी भारततर्फ अघि बढेको देखाएको छ । थाक्सिनले एक्समा उनी मेडिकल चेकअपका लागि सिङ्गापुर जान लागेको तर थाई अध्यागमन प्रक्रियाले दुई घण्टा ढिलाइ गरेको लेखेका छन् । सेलेटार विमानस्थलको राति १० बजेपछि बन्द हुने नियमका कारण विमान अवतरण गर्न नसक्ने भएपछि उनले मार्ग परिवर्तन गरी दुबई जाने निर्णय गरेको बताए । थाक्सिन सन् २००८ मा सुरु भएको स्व-निर्वासन अवधिमा दुबईमै बस्दै आएका थिए । उनले त्यहाँ आफ्ना नियमित चिकित्सकहरू रहेको उल्लेख गरे । उनको यो यात्राले सम्भावित जेल सजाय टार्ने प्रयास भएको शङ्का जन्माएको छ । तर उनले मङ्गलबार अदालतमा उपस्थित हुन थाइल्यान्ड फर्किने इच्छा प्रकट गरेका छन् । थाक्सिन सन् २००१ देखि सन् २००६ मा सैनिक कूले अपदस्थ नभएसम्म प्रधानमन्त्री थिए । सन् २००८ मा संक्षिप्त रूपमा थाइल्यान्ड फर्किए पनि भ्रष्टाचार मुद्दाको फैसला अघि उनी फेरि विदेश गए । भ्रष्टाचार, शक्तिको दुरुपयोग र राजतन्त्रप्रति अनादरका आरोपमा उनलाई निर्वासन गरिएको थियो । सन् २०२३ मा उनले फर्केर भ्रष्टाचारसम्बन्धी तीन मुद्दामा आठ वर्षको सजाय भोग्नुपर्ने थियो । तर स्वास्थ्य कारण जेलको सट्टा पुलिस जनरल अस्पतालमा राखिए । पछि राजा महा भाजिरालोङ्गकोर्नले सजाय एक वर्षमा घटाइदिए र उनी छ महिनापछि प्यारोलमा रिहा भए । विशेष उपचार पाएको आरोपबीच मङ्गलबारको सर्वोच्च अदालतको फैसला निर्णायक हुने मानिएको छ । अदालतले सुधार विभागले उनको मुद्दा कानूनअनुसार सम्हालेको वा नसम्हालेको भन्ने ठहर गर्नेछ ।

यदि थाक्सिन प्रत्यक्ष संलग्न ठहर भए भने नयाँ जेल सजाय सम्भावित छ । पद छाडेयता थाक्सिनले मुद्दाहरूलाई राजनीतिक प्रेरित भनेका छन् । गत महिना उनलाई शाही मानहानि (लेसे-माजेस्टे) आरोपबाट मुक्त गरिएको थियो । उक्त आरोपले उनलाई १५ वर्षको जेल सजाय दिन सक्थ्यो । उनकी बहिनी, यिङलक सिनावात्रा सन् २०१७ मा अपदस्थ भएपछि पनि दुबईमा निर्वासनमा छिन् र अनुपस्थितिमा दोषी ठहर भएकी छिन् ।

दुबई, संयुक्त अरब इमिरेट्सको सबैभन्दा ठूलो सहर, राजनीतिक वा कानूनी चुनौती भोगेका नेताहरूको आश्रयस्थल रहँदै आएको छ । त्यहाँ पाकिस्तानी जनरल परवेज मुशर्रफले समेत बसोबास गरेका थिए । मुशर्रफले सन् १९९९ मा कू गरी सत्ता कब्जा गरेका थिए र पछि अफगान युद्धमा अमेरिका पक्षमा उभिएका थिए ।

## ट्रम्प प्रशासनद्वारा भन्सार शुल्कसम्बन्धी द्रुत निर्णयका लागि सर्वोच्चमा याचिका दायर

*काठमाडौं, २० भदौ ।*




राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले बुधबार अमेरिकी सर्वोच्च अदालतसमक्ष विश्वव्यापी बजारमा प्रभाव पर्ने भन्सार शुल्क (ट्यारिफ) को संरक्षण सुनिश्चित गर्न द्रुत निर्णय लिन आग्रह गरेको छ । तल्लो अदालतको फैसलाले पहिले नै व्यापार वार्तामा नकारात्मक प्रभाव पारेको ट्रम्प प्रशासनको दाबी छ । 'राष्ट्रपतिको भन्सार शुल्कको पूर्ण कानुनी स्थिति छिटो पुष्टि गर्नु अत्यन्त महत्त्वपूर्ण छ । यस मुद्दाको समाधान सकेसम्म द्रुत गतिमा गर्न आवश्यक छ,' महान्यायाधिवक्ता जोन सोअरले अदालतसमक्ष भने । यो याचिका अमेरिकी पुनरावेदन अदालत (कोर्ट अफ अपिल्स फर द फेडरल सर्किट) को ७-४ बहुमत (न्यायाधीश) को फैसलापछि दायर गरिएको हो । ट्रम्पले आपत्कालीन आर्थिक शक्तिको दुरुपयोग गर्दै व्यापक भन्सार शुल्कहरू लगाउने क्रममा आफ्नो अधिकार सीमा नाघेको पुनरावेदन अदालतले उल्लेख गरेको थियो । यद्यपि, न्यायाधीशहरूले अक्टोबर मध्यसम्म लेभीहरू लागू गर्न अनुमति दिएका छन्, जसले ट्रम्पलाई सर्वोच्च अदालतमा मुद्दा लड्न समय दिएको छ । राष्ट्रपतिमा फर्किएपछि ट्रम्पले युरोपेली संघ (ईयू), जापान र अन्य दर्जनौं अर्थतन्त्रका लागि १० प्रतिशत आधारभूत दर र उच्च दरसहित लगभग सबै अमेरिकी व्यापारिक साझेदार हरूमाथि 'पारस्परिक' भन्सार शुल्क लगाएका थिए । साथै, अमेरिकी राष्ट्रपतिले संयुक्त राज्य अमेरिकामा घातक लागूऔषधको प्रवाहलाई ध्यानमा राख्दै मेक्सिको, क्यानडा र चीनमाथि अतिरिक्त कर लगाउने समान अधिकारको पनि प्रयोग गरेका थिए । पुनरावेदन अदालतले आपत्कालीन ऐन प्रयोग गरेर आफ्नो अधिकार नाघिएको फैसला गरेको थियो । यस फैसलाले ईयू जस्ता प्रमुख व्यापारिक साझेदारहरूसँग ट्रम्पले गरेका सम्झौतामा शंका सिर्जना गरेको छ ।

### शिक्षा विधेयकमा...............

न्याय दुवैलाई मजबुत बनाउँछ । यस कार्यका लागि राज्य बलियो हुनु आवश्यक छ । होइन भने विधेयकमा जस्तोसुकै प्रावधान ल्याए पनि कार्यान्वयन गर्न गाह्रो हुनेछ ।
देश संघीय शासनको अभ्यासमा प्रवेश गरेको करिब एक दशक हुन लागेको छ । यद्यपि, संविधानको मर्मअनुसार अपवादबाहेक स्थानीय सरकारले शिक्षामा आफ्नो भूमिकालाई सशक्त रूपमा प्रस्तुत गर्न सकेका छैनन् । हाल स्थानीय सरकारले आफ्नै स्रोतबाट शिक्षामा न्यूनतम मात्र खर्च गरेको देखिन्छ, जसका कारण गुणस्तरीय शिक्षाको लक्ष्यमा पुग्न गाह्रो भएको छ ।
यस सन्दर्भमा प्रस्तावित विधेयकमा सबैभन्दा पहिला स्थानीय सरकारले आफ्ना विद्यालयका लागि कम्तीमा संघले आन्तरिक स्रोतबाट छुट्याएको रकम बराबर बजेट छुट्याउनुपर्ने प्रावधान राखिनुपर्थ्यो । तर त्यो व्यवस्था देखिएन । संघीय प्रतिनिधिका रूपमा जिल्लामा रहेको जिल्ला शिक्षा कार्यालयको सम्झना दिलाउने गरी शिक्षा विकास तथा समन्वय इकाइ स्थापना गर्ने व्यवस्था गरिएको छ । यद्यपि, यस इकाइको उद्देश्य स्थानीय सरकारसँग समन्वय गर्ने भनिए पनि उत्कृष्ट शिक्षकलाई पुरस्कारको सिफारिस गर्ने व्यवस्था राखिँदा शिक्षकको जवाफदेही स्थानीय तहमा रहने कि संघीय कार्यालयमा भन्ने विषयमा अनावश्यक भ्रम सिर्जना भएको छ । स्थानीय सरकार स्वयंभित्र पनि थुप्रै समस्या छन् । संविधानको अनुसूचीको मर्मअनुसार शिक्षामा भूमिका निर्वाह गर्न धेरै स्थानीय सरकार असफल भएको तथ्य स्पष्ट छ । स्वतन्त्र उम्मेदवारबाहेक अधिकांश स्थानमा राजनीतिक दलका उम्मेदवारले स्थानीय तहमा नेतृत्व गरिरहेका छन् । उनीहरूमा हुने दलीय लगावका कारण शिक्षा क्षेत्र प्रभावित भएको छ । साभार ईकान्तिपुर ।

### वीरगंजमा पुनः...............

प्रतिवादीसम्बन्धी सूचना कार्यालयमा दिन आग्रह गरे । उनका अनुसार कार्यालयले अपराध अभिलेखीकरण, मुद्दा शाखाको अनुगमन तथा निर्देशनात्मक कार्य औपचारिक रूपमा सुरु गरिसकेको छ । कार्यालय एक महिनादेखि वीरगंजमै सञ्चालनमा भए पनि व्यवस्थापकीय काम र मातहतका युनिटहरूको अनुगमनका कारण पत्रकारहरूसँग औपचारिक परिचयात्मक कार्यक्रम गर्न ढिलाइ भएको उनले बताए ।

### बीरगन्जका वडा...

उमेशचन्द्र नेपाल, सुनिलकुमार गुप्ता, सम्झनाकुमारी माथेमा ९सुरेन्द्रलाल श्रेष्ठको तर्फबाट, विमलकुमार संघई तथा शुशिला अग्रवाल (राहुल अग्रवालको तर्फबाट), पद्माकुमारी शाही, सत्यनारायण मानन्धर र श्रीलाल प्रसाद रौनियार लगायत १७ जना व्यवसायी तथा प्रतिनिधिले निवेदन दर्ता गराएको सुनिल गुप्ताले बताएका छन् । बीरगन्ज महानगरपालिका वडा नं ६ का वडाध्यक्ष शाहले नाता प्रमाणित मात्र दिनुपर्नेमा जग्गाको हकभोग समेत कायम गरिदिन भनी दिएको सिफारिस त्रुटिपूर्ण भएको स्वीकार गरेका छन् । उनले आफ्ना वडाका मतदाता भएकोले उनीहरूको मागबमोजिम काम गरेको र उक्त कार्य गरेबापत कुनै पनि घुस नलिएको दाबी गरेका छन् ।
स्थानीय निकायले घर जग्गाको सिफारिस दिन सम्वन्धित जग्गाधनीले तिरो तिरेको रसिद साथमा सलग्न हुनुपर्ने व्यवस्था छ । साथै नाता प्रमाणित र जग्गाको हकभोगको सिफारिस एउटै पत्रमा उल्लेख गरिएको छ । जवकी उक्त जग्गा वडा नं. ६ भित्र नपर्ने उजुरीकर्ताको भनाई छ । त्यसैगरी अस्तित्वमा नरहेको कित्ता नम्वर उल्लेख गरी सिफारिस दिने कार्य अनुसन्धानको दायरामा आउने बिषय भएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा उजुरी गरिएको सुनिल गुप्ताले बताए ।

### हैजा रोकथामका........

गोल्डको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । नेपाल क्षयरोग निवारण संस्था पर्सा, बीरगन्ज र नेपाल स्काउट पर्साको सक्रिय सहकार्य पनि उल्लेखनीय रह्यो ।
कार्यक्रममा जिल्ला क्याबिनेट सदस्य लायन अशोक बेरीवाल, नेपाल क्षयरोग निवारण संस्था पर्सा सचिव सम्भु प्रसाद चौरसिया, नेपाल स्काउट पर्सा का भुप नारायण पटेल र कञ्चनजंगा स्कुलका मार्टिन मोक्तान लगायत विशिष्ट अतिथिहरू उपस्थित थिए । संयोजक लायन उमेश कुमार गुप्ताले सबै सहभागी क्लब, पदाधिकारी र सदस्यप्रति आभार व्यक्त गर्दै

# स्वास्थ्य

## यौन जीवनले कसरी मानसिक स्वास्थ्यमा प्रभाव पार्छ ?



हिन्दु शास्त्रको पुरुषार्थको अवधारणामा जीवनको चारवटा मुख्य खम्बाबारे वर्णन गरेको पाइन्छ । पहिलो धर्म, जसमा दैनिक गर्ने कार्य, नैतिकता, आदर्शका कुराहरु पर्छन् । त्यसपछि आउँछ, अर्थ । अर्थ भनेको काम गरेर वा जीविकोपार्जन गर्ने परिवारलाई चाहिने गाँस, बास र कपासको जोहो गर्नु । त्यसपछि आउँछ, काम । काममा यौनको चर्चा गरिन्छ । यौन मात्र नभएर माया, प्रेम, इच्छा र सद्भाव पनि पर्छन् । र, चार नम्बरमा आउँछ, मोक्ष । मोक्ष भनेको समाधि वा आनन्दको प्राप्ति हो । यो अवधारणाले के भन्छ भने पहिला धर्म गर्नुपर्छ । त्यसपछि अर्थ र काम भोग गरेर मात्र मानिसलाई मोक्ष प्राप्ति हुन्छ । यो भन्नुको अर्थ के हो भने धर्मशास्त्रले पनि यौन जीवनको लागि अपरिहार्य भनेको छ । विज्ञानले पनि यौन सुखले मानिस स्वस्थ रहने कुरामा जोड दिन्छ । यौनले नै सिर्जना र आनन्द दुवै दिन्छ । शरीरको लागि खाना जति आवश्यक छ । त्यति नै यौन जीवन पनि आवश्यक मानिन्छ । कुनै कारणवश यौन जीवनमा समस्या आइरहेको छ भने विस्तारै मानसिक स्वास्थमा प्रभाव पार्न सक्छ । यौन उत्तेजना नहुनु, चरमोत्कर्षमा नपुग्नु, शीघ्रपतन वा लामो समयसम्म स्खलन नहुनु, महिलामा हार्मोनल परिवर्तनका कारण यौन चाहना घट्नु, यौन रोगका कारण यौन सम्बन्ध राख्न नसक्नु शारीरिक समस्या मात्र होइन । यसमा मानसिक कारण पनि जिम्मेवार हुनसक्छ । यसले के स्पष्ट पार्छ भने यौन जीवन र मानसिक स्वास्थ्यबीच निकट सम्बन्ध छ । यौन शिथिलताले जसरी मानसिक समस्या ल्याउँछ, उसैगरी मानसिक समस्याले यौन उदासीनता पनि ल्याउँछ । यदि दम्पतीबीचको सम्बन्ध प्रगाढ छैन, आपसी असमझदारी छ भने त्यसको प्रभाव उनीहरुको यौन जीवनमा पर्छ । ठीक यसैगरी यौन जीवन सुमधुर नहुँदा उनीहरुबीचको भावनात्मक सम्बन्धमा पनि खल्लोपन महसुस हुन्छ । अर्थात् यी एकअर्कासँग अभिन्न रुपले जोडिएका छन् । यस्ता यौन समस्याले कसरी मानसिक स्वास्थ्यमा असर गर्छ भन्ने जान्नु भन्दाअघि यौन र मस्तिष्कबीचको सम्बन्धबारे जान्नु आवश्यक हुन्छ । **यौन र मस्तिष्कबीचको सम्बन्ध** हामीमध्ये धेरैजसोलाई लाग्न सक्छ- यौनक्रिया शरीरले गर्छ । तर यो सत्य होइन । यौनबारे सोच्नेबित्तिकै महिला र पुरुषको मस्तिष्कमा आउने भावना र विचारले उत्सुकता ल्याउँछ । र, यसले अवधि बढाउने, घटाउने, उत्तेजित पार्ने र शरीरलाई चलायमान राख्छ ।

मन र तनको तालमेलले यौन सन्तुष्ट दिन्छ । र, चरमसुख दिन्छ । यौन सम्बन्ध राम्रो छ भने यसले एकछिनको आनन्द मात्र होइन, मानसिक स्वास्थमा पनि योगदान दिइरहेको हुन्छ । यसले सकारात्मक प्रभाव दिमागमा पार्छ । कुनै कुराले दिमाग भारी भइरहेको छ वा मनमा अनेकौं विचारले चिन्ता भइरहेको छ भने यौन सम्बन्ध राखेको केही समयमै दिमागमा आनन्द र आराम दिने हार्मोन अक्सिटोसिन र इन्डोर्फिन निष्कासन गर्छ । जसकारण दिमाग शान्त हुँदै आफूलाई हल्का भएको अनुभव गर्छ । र, राहत अनुभव गर्छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा


वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# ८ सामाजिक सञ्जाल कम्पनीले सरकारसँग सम्पर्क गरे, बाँकी १८ अझै सूचीकरण बाहिर




**काठमाडौं,२० भदौ ।** नेपाल सरकारले दर्ता नभएका २६ वटा सामाजिक सञ्जाल प्लेटफर्म बन्द गर्ने निर्देशन दिएपछि हालसम्म ८ वटा कम्पनीहरू सरकारसँग सम्पर्कमा आएका छन् । यस कदमले सामाजिक सञ्जाल कम्पनीहरूलाई नेपालको कानुन अनुसार सञ्चालन हुन बाध्य बनाएको देखिएको छ । सरकारको निर्देशनपछि नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकहरूलाई पत्र पठाएको थियो । यसै क्रममा, ठूलो संख्यामा प्रयोग हुने सामाजिक सञ्जालका सञ्चालकहरूले दर्ता प्रक्रिया र आवश्यक कागजातबारे चासो देखाएका छन् । अहिलेसम्म सम्पर्कमा आएका कम्पनीहरूमा नेपाली एप ‘ हाम्रो पात्रो’, फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, थ्रेड्स, ट्विटर (एक्स) र चिनियाँ प्लेटफर्म ‘वी च्याट’ छन् । यी कम्पनीहरूले दर्ता प्रक्रिया र सूचीकरणका लागि आवश्यक जानकारी सरकारसँग बुझेका छन् । तर, बाँकी १८ कम्पनीहरू अझै सम्पर्कमा आएका छैनन् । यसमा युट्युब, लिंक्डइन, स्न्यापच्याट, रेडिट, डिस्कर्ड, पिन्ट्रेस्ट, सिग्नल, कोरा, टम्ब्लर, क्लब हाउस, मास्टोडन, रम्बल, मी वी, मी भि के, लाइन, इमो, जालो र सोल छन् । विशेष गरी युट्युब र लिंक्डइन नेपालमा अत्यधिक प्रयोग हुने प्लेटफर्म हुन् । सरकारले बाँकी कम्पनीहरूले पनि दर्ता प्रक्रिया पूरा गर्छन् कि गर्दैनन्, त्यसको निगरानी गर्ने तयारी थालेको छ ।

# सामाजिक सञ्जाल बन्दको विरोध गर्दै प्रचण्डद्वारा सरकारमाथि आक्रामक आरोप



**काठमाडौं,२० भदौ ।** प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सरकारले आलोचना दवाउन सामाजिक सञ्जाल बन्द गरेको आरोप लगाएका छन् । फेसबुकमा प्रतिक्रिया व्यक्त गर्दै प्रचण्डले भनेका छन्, “वर्तमान सरकारले सामाजिक सञ्जालमार्फत आफ्नाविरुद्ध गरिएको आलोचना दबाउने, आफूलाई बचाउने र अभिव्यक्ति स्वतन्त्रता नियन्त्रण गर्ने प्रयास निरन्तर गर्दै आएको छ । संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रताको ठाडो उल्लङ्घन गर्दै सामाजिक सञ्जाल नै बन्द गर्ने निर्णय सरकारले गरेको छ ।” उनले सरकारको कदम संविधान विरोधी, अलोकतान्त्रिक र जनविरोधी भएको आरोप पनि लगाए । प्रचण्डले थपे, “यसले सामाजिक सञ्जाल प्रकाशन र प्रसारण सम्बन्धी सर्वोच्च अदालतको आदेशको अपव्याख्या मात्र होइन, वैदेशिक रोजगारीमा रहेका नेपाली र उनका परिवारबीचको सम्पर्कमा समेत अवरोध पुऱ्याएको छ ।” माओवादी केन्द्रले नियन्त्रण होइन, उचित नियमनको पक्षमा रहेको प्रचण्डले स्पष्ट पारेका छन् । उनले भने, “संसदमा विचाराधीन विधेयकमार्फत सरोकारवालाको सहभागिता र अपनत्व सुनिश्चित गर्नुपर्थ्यो । कार्यकारी आदेशमार्फत सामाजिक सञ्जाल बन्द गर्नु घोर आपत्तिजनक कदम हो ।” अन्त्यमा प्रचण्डले सरकारले तत्काल निर्णय फिर्ता लिनुपर्ने माग गर्दै लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षणमा सबैलाई सक्रिय हुन आह्वान गरेका छन् ।

# पेट्रोल पम्पमा कुटपिट र लुटपाट पीडितले जाहेरी दर्ता नगरेको गुनासो



**जनकपुर,२० भदौ ।** धनुषाको गणेशमान चारनाथ नगरपालिका-१ वीरेन्द्र बजारस्थित धनुषा आयल स्टोर्समा पेट्रोल पम्पका कर्मचारीमाथि भएको कुटपिट र लुटपाटको घटनापछि पीडितले प्रहरीमाथि गुनासो गरेका छन् । ७ भदौमा पेट्रोल पम्पका सञ्चालक विवेककुमार साहले जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिए पनि अहिलेसम्म दर्ता नभएको पीडितको आरोप छ । जाहेरीअनुसार, भदौ ६ गते मध्यराति २८ वर्षीय अशोककुमार साह तेली, २७ वर्षीय नविन पुर्वछाने मगर, ३३ वर्षीय सन्तोष बलमपाखे मगर, ३० वर्षीय निरज मगर र अन्य एकजनाले पम्पमा प्रवेश गरी ड्युटीमा रहेका कर्मचारी शत्रुधनकुमार साहलाई कुटपिट गरेको उल्लेख छ । विवाद पेट्रोल प्लास्टिकको बोतलमा नबिकेपछि सुरु भएको थियो । सोही क्रममा पम्पमा राखिएको १२ लाख ७५ हजार रुपैयाँ नगद लुटिएको दाबी जाहेरीमा गरिएको छ । पीडित पक्षले दोषीमाथि कानुनी कारबाही र भरपाइको माग गर्दै बिक्री विवरण, अनुगमन फारम, नेपाल आयल निगमको प्रेस विज्ञप्ति र सीसीटीभी फुटेजसमेत प्रहरीलाई उपलब्ध गराएको बताएको छ । यद्यपि, धनुषा प्रहरीका एसपी नरहरि रेग्मीले घटनाको समयमा इलाका प्रहरी कार्यालयबाट टोली खटाइएको भए पनि सामान्य धकेलाधकेल भएको कारण जाहेरी दर्ता नगरेको बताए । उनले भने, “यदि सीसीटीभी फुटेजमा कुटपिट स्पष्ट देखिएमा दोषीविरुद्ध जाहेरी दर्ता गरिनेछ ।” पीडितहरू भने घटनाप्रति असन्तुष्ट रहेको र कारबाहीको माग गरिरहेका छन् ।

# सरकारद्वारा उखु किसानलाई ७५ करोड रुपियाँ अनुदान वितरण



**सर्लाही,२० भदौ ।** सरकारले उखु किसानलाई उत्पादन प्रोत्साहनका लागि करिब ७५ करोड रुपियाँ अनुदान वितरण गरेको छ । देशभरका १३ जिल्लामा किसानले चिनी उद्योगमा उपलब्ध गराएको करिब २ करोड १६ लाख क्विन्टल उखु अनुसार सो अनुदान किसानको खातामा पठाइएको हो ।किसानलाई चिनी उद्योगले प्रतिक्विन्टल ५८५ रुपैयाँ र सरकारले ३५ रुपैयाँ अनुदान दिने व्यवस्था अनुसार रकम उपलब्ध गराइएको हो । प्रमुख उखु उत्पादन हुने जिल्लाहरूमा सुनसरी, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, बारा र नवलपरासी रहेका छन् । सर्लाहीका किसानले प्रतिक्विन्टल ३५ रुपैयाँ दर अनुसार अनुदान पाएका छन् । कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार सर्लाहीका किसानका लागि १८ करोड ७५ लाख ५० हजार ६९० रुपैयाँ निकासा गरिएको थियो ।

यसअघि सरकारले २०८१/८२ सिजनमा प्रतिक्विन्टल ७० रुपैयाँ दरमा अनुदान दिने निर्णय गरेको भए पनि यसपटक निकासा ३५ रुपैयाँ दरमा मात्र भयो । सर्लाहीका तीन चिनी मिलले क्रसिङ गरेको उखुको आधारमा किसानहरूले माग गरेको ३७ करोड रुपैयाँको सट्टा १८ करोड मात्र उपलब्ध गराइएको र वितरण सम्पन्न भएको कोष नियन्त्रक पुष्पप्रसाद गुरागाईंले जानकारी दिनुभयो ।

# स्थानीय सरकारलाई अझै शक्तिशाली बनाउनु जरुरी: मन्त्री न्यौपाने

**काठमाडौं,२० भदौ ।** सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले स्थानीय सरकारलाई अझ प्रभावकारी र शक्तिशाली बनाउनुपर्नेमा जोड दिएकी छन् । उनले संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारको पूर्ण कार्यान्वयन गर्दै जनतामाझ सेवा प्रवाहमा सुधार गर्न आवश्यक रहेको बताइन् ।

शुक्रबार काठमाडौँमा आयोजित ‘गाउँगाउँमा सिंहदरबार’ पुस्तक विमोचन कार्यक्रममा बोल्दै मन्त्री न्यौपानेले अहिले सङ्घीयता पूर्ण रूपमा कार्यान्वयन भइनसकेको स्पष्ट पारिन् । उनका अनुसार संविधान जारी भएयता स्थानीय तहले भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य र खानेपानी क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ । मन्त्री न्यौपानेले भनिन्, “स्थानीय सरकार जनतासँग सबैभन्दा नजिकको सरकार हो । सडक विस्तारदेखि खानेपानी समस्यासम्म, स्थानीय तहले यी कामहरू गर्दै आएको छ । तर सङ्घीयताको अभ्यासका क्रममा देखिएका चुनौतीहरू समाधान गर्दै अझ शक्तिशाली सरकारको रूपमा स्थापित गर्न जरुरी छ ।” उनले थपिन् कि सबै तहका सरकारले आफ्नो कार्यक्षेत्र, अधिकार र कर्तव्य पूरा गरेमा मात्रै संविधानको सफल कार्यान्वयन सम्भव हुने भएकाले सबैको ध्यान यसतर्फ जान आवश्यक छ । मन्त्री न्यौपानेको यो अभिव्यक्तिले स्थानीय सरकारलाई अधिकार हस्तान्तरण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने आवश्यकतालाई पुनः जोड दिएको छ ।

# मकवानपुरमा आगलागी २ करोडको क्षति

**मकवानपुर,२० भदौ ।** बकैया गाउँपालिका-५ गरगरेस्थित लिलाराम जिम्बाको किराना पसलमा शुक्रबार बिहान आगलागी हुँदा झन्डै २ करोड रुपैयाँ बराबरको क्षति भएको छ । आगो निभाउने क्रममा ४५ वर्षीय घरधनी लिलाराम जिम्बा घाइते भएका छन् । उनलाई थप उपचारका लागि हेटौंडाबाट काठमाडौंको कीर्तिपुर स्थित अस्पतालमा पठाइएको छ । प्रहरीका अनुसार, घर अगाडिको बालेको दियोमा पेट्रोलको ड्रम पल्टिँदा अचानक आगो लागेको थियो । आगलागीबाट दुई तल्ले पक्की घर पूर्ण रूपमा जलेर नष्ट भएको छ । त्यसबाहेक नगद १५ लाख, ३० थान ग्यास सिलिन्डर, २ वटा मोटरसाइकल, खाद्यान्न, लत्ता कपडा र फर्निचर जस्ता सामग्री जलिसकेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय फापरबारी, प्रहरी चौकी हात्तिसुँडे र अस्थायी प्रहरी पोष्ट गरगरेका टोली, हेटौंडा उपमहानगरपालिका र बागमती गाउँपालिकाका दमकलको सहयोगमा करिब दुई घण्टापछि आगो नियन्त्रणमा आएको थियो ।

# देश र जनताको हितमा काम गर्न कहिल्यै छाड्दैनौं : प्रधानमन्त्री ओली

**काठमाडौं,२० भदौ ।** प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले देश र जनताको हितमा आफ्नो सरकार तथा पार्टीले देखिने र सुनिने गरी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । शुक्रबार ललितपुरमा सुरु भएको एमालेको दोस्रो विधान महाधिवेशनको उद्घाटन सत्रमा उहाँले यस्तो आश्वासन दिनुभयो । प्रधानमन्त्री ओलीले कालापानी, लिपुलेक र लिम्पियाधुर ासहित नेपाली भूमिको रक्षा र राष्ट्रिय हितमा पार्टी र सरकारको सक्रियता आवश्यक भएको बताउँदै भन्नुभयो, “हामी देशको पक्षमा चुइँक्क नबोल्नेहरूसँग सजग छौँ । राष्ट्रिय हितको पक्षमा भूमिका खेल्न हामी कहिल्यै छाड्दैनौं ।”

उहाँले पार्टीका सदस्यहरूलाई एकताबद्ध भएर देश र जनताको पक्षमा काम गर्न आह्वान गर्दै आगामी २०८४ सालमा हुने निर्वाचनमा एमालेलाई बहुमतसहितको ठूलो पार्टी बनाउन निर्देशन दिनुभयो । प्रधानमन्त्री ओलीले भने, “हामीले राष्ट्रको पक्षमा बोल्दा विरोधीको छाती भटभट पोल्दो रै’छ, तर हामी रोकिदैनौं । हाम्रो अभियानमा जनताको साथ छ ।” सरकारले गरिबी उन्मूलन, समृद्धि र लोकतन्त्रको सुदृढीकरणमा ध्यान केन्द्रित गरेको भन्दै उहाँले जनताको जीवनस्तर उकास्ने योजनामा निरन्तरता हुने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “जनतालाई गरिब राखेर गरिएको अन्य समृद्धिको अर्थ छैन । हामी त्यसमा सजग छौँ ।” महाधिवेशनमा उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव प्रस्तुत गर्ने, महासचिव शङ्कर पोखरेलले संगठनात्मक प्रतिवेदन पेश गर्ने र अन्य प्रस्तावमा समूहगत छलफल गरी अघि बढाइनेछ । प्रधानमन्त्री ओलीले तीन दिनको समय छलफलका लागि पर्याप्त भएको पनि उल्लेख गर्नुभयो ।

# हैजा रोकथामका लागि बीरगन्जमा प्रभातफेरी

**बीरगन्ज,२० भदौ ।** बीरगन्ज को माइस्थान मन्दिरदेखि घण्टाघरसम्म शुक्रबार बिहान आयोजित हैजा नियन्त्रण जनचेतना कार्यक्रमले स्थानीय तहमा स्वास्थ्य सचेतना फैलाउन महत्वपूर्ण भूमिका खेलेको छ । “हैजा महामारी नियन्त्रण र रोकथाम” भन्ने मुख्य विषयका साथ गरिएको प्रभातफेरीमा स्थानीय बासिन्दा, विद्यार्थी, शिक्षक र विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता थियो । सहभागीहरूले पम्प्लेट वितरण गर्दै सुरक्षित खानेपानी, सरसफाइ, व्यक्तिगत सफाइ र खानपानमा ध्यान दिनुपर्ने बारे सन्देश प्रवाह गरे । कञ्चनजंगा स्कुलका विद्यार्थी र शिक्षकहरूले घर-घरमा पुगेर सचेतना फैलाएका थिए । यसले अभियानलाई अझ प्रभावकारी बनाएको आयोजकहरूले बताए ।अभियान लायन्स क्लब अफ बीरगन्ज मेट्रो सिटी, लायन्स क्लब अफ बीरगन्ज सुप्रीम, लायन्स क्लब अफ बीरगन्ज ह्युमानिटी, लायन्स क्लब अफ वीरगञ्ज गेटवे र लायन्स क्लब अफ वीरगञ्ज संस्कृति

बाँकी तेश्रो पृष्ठमा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध विच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमाण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा